का.जि.प्र.का.द.नं. १००/०५९/६०
१९ भदौ २०८०,
मंगलबार
5 September 2023,
Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

वर्ष २१, अंक २२२ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com




*एसिया कपमा सोमबार भारतविरुद्ध ब्याटिङ गर्दै नेपालका ओपनर आसिफ शेख । भारतविरुद्ध २३० रन बनाउने क्रममा शेखले अर्धशतक बनाए*

# नेपालले देखाएको हिम्मत

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १९ भदौ ।

अन्तर्राष्ट्रिय क्रिकेट खेल्न थालेको २७ वर्षपछि नेपालले एसिया कपमा टेष्ट राष्ट्र भारत र पाकिस्तानसँग खेलेको छ । घरेलु मैदानमा एकपछि अर्को उत्कृष्ट प्रदर्शन गर्दै नेपालले एसिया कपमा स्थान बनाएको थियो ।

एसिया कपमा नेपालले पहिलो खेल आयोजक पाकिस्तानसँग खेलेको थियो । विश्व नम्बर एक मुलुक पाकिस्तानसँग नेपाल ठूलो रन अन्तरले पराजित भएको थियो । २३८ रनको लक्ष्य पछ्याउँदै नेपालले पाकिस्तानविरुद्ध १०४ रनमै अलआउट भएको थियो ।



तर अर्को बलियो मुलुक भारतसँग भने सम्मानजनक स्कोर बनायो । पल्लाकाले स्टेडियममा टस हारेर पहिलो ब्याटिङको निम्तो पाएको नेपालले २३० रनको सम्मानजनक स्कोर बनाएको थियो । एक दिवसीय क्रिकेटमा नेपालले भारतविरुद्ध बनाएको स्कोर १९औं ठूलो हो ।

सधैं ब्याटिङमा चुक्दै आएको नेपालले विश्वविजेता एवम् एसिया कपमा सर्वाधिक सफल भारतविरुद्ध बनाएको यो स्कोरले नेपाली क्रिकेट समर्थकलाई ठूलो उत्साह दिएको छ । भारतले अहिलेसम्म सात पटक एसियाकप जितिसकेको छ । अझ विश्व क्रिकेटमा सर्वाधिक शक्तिशाली मुलुक >>> पृष्ठ २ मा

# तत्काल ४० वटा कानुन बनाउन सिफारिस

राष्ट्रिय सभाले संविधान कार्यान्वयसँग जोडिएका निजामती सेवा ऐन, संघीय शिक्षा, संघीय प्रहरी, जनस्वास्थ्य, कानुनी सहायता, जग्गा प्राप्ति, अधिग्रहण र क्षतिपूर्ति, विश्वविद्यालय कानुन र चिकित्सा शिक्षा लगायत बन्न बाँकी कानुन बनाउने प्रक्रिया तत्काल अघि बढाउन सरकारलाई रुलिङ गरेको छ ।

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १८ भदौ ।

संसदीय अध्ययनले संघीय सरकार र संघीय संसदलाई तत्काल ४० वटा कानुन बनाउन सिफारिस गरेको छ । सोमबार राष्ट्रिय सभामा प्रस्तुत 'संविधान अनुसार बन्न बाँकी कानुनहरुको अध्ययन प्रतिवेदन २०८०' मा अविलम्ब बनाउनुपर्ने भनी ४० वटा विषय किटान गरिएको हो ।

जहाँ संघीयता कार्यान्वयनका लागि आधारभूत मानिएको संघीय निजामती सेवा ऐन, संघीय शिक्षा, संघीय प्रहरी, जनस्वास्थ्य, कानुनी सहायता लगायतका विषय छन् । जग्गा प्राप्ति, अधिग्रहण र क्षतिपूर्ति, विश्वविद्यालय कानुन र चिकित्सा शिक्षासम्बन्धी कानुनलाई पनि एकीकृत बनाउनुपर्ने संसदीय अध्ययनको सिफारिस छ ।

प्रतिवेदन माथिको छलफलमा भाग लिँदै सांसदहरुले संविधान अनुकुल कानुन बनाउने कार्यलाई तीव्रता दिन र गम्भीरतापूर्वक विधेयक ल्याउन सरकारको ध्यानाकर्षण गरेका छन् । उनीहरुले सरकार गम्भीर नभएका कारण संविधान लागू भएको लामो समयसम्म त्यस अनुकूल कानुन बन्न नसकेको पनि बताए ।

'कतिपय कानुनहरु बेमेल छन् । सन्दर्भ फेरिएका छन् । त्यसलाई समेत ख्याल गरेर अधययनले औंल्याएका ४० वटा कानुन अविलम्ब सुरुवात गरियोस्' नेकपा माओवादी केन्द्रका सांसद सुरेश आले मगरले भने ।

नेकपा एमालेका सांसद भैरव सुन्दर श्रेष्ठ सरकार गम्भीर नभएकाले ध्यानाकर्षण गराउन र संविधानलाई सही ढंगले संविधान कार्यान्वयनका लागि सहयोग गर्न अध्ययन समिति नै बनाएर अध्ययन गरिएको बताए ।

संविधान कार्यान्वयनका लागि १८१ वटा कानुन बनाउन आवश्यक रहेको र त्यसमध्ये संघले तत्काल ४० वटा कानुन बनाउनुपर्ने निचोडमा आफूहरु पुगेको उनले बताए ।साथै प्रदेश र स्थानीय तहले पनि आवश्यक कानुनहरु नबनाएको अध्ययनमा पाइएको उल्लेख गर्दै उनले तीन वटै सरकार संविधान कार्यान्वयनका लागि जिम्मेवार हुनुपर्ने बताए ।



> प्रतिवेदनले औँल्याइएका विषयमा कानुन निर्माण गर्ने सन्दर्भमा थप अध्ययन, समन्वय र छलफलमार्फत टुंगोमा पुग्नुपर्ने देखिन्छ । सरकार कानुननिर्माणप्रक्रियामा प्राथमिकिकरण गरेर अगाडि बढेको छ ।
>
> **प्रचण्ड**
> **प्रधानमन्त्री**

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले विगतका आफ्ना दुई कार्यकाल भन्दा तेस्रो कार्यकाल परिणाममुखी बनाउने उद्घोष गरेको तर त्यस अनुसारको व्यवहार कानुन निर्माणको सन्दर्भमा देखा नपरेको बताए ।

संघीय संसदको दुई वटा अधिवेशनमा जम्मा एउटा मिटरब्याजसम्बन्धी ऐन संशोधन भएको बाहेक उपलब्धिहरु नरहेको स्मरण गरे । संघीय शिक्षा ऐन मन्त्रिपरिषदबाट पारित भएको भनिएता पनि संसदमा पेश हुन नसकेको बताए ।

देशको प्रधानमन्त्रीले विधि निर्माण समेत आफ्नो पकडमा नरहेको अभिव्यक्ति दिनु उचित नरहेको उल्लेख गर्दै फेरि यस खाले अभिव्यक्ति नदिन सुझाव दिए । अन्य विधेयकहरु पनि संसदमा दर्ता हुन नसकेको भन्दै उनले कानुन निर्माणलाई तिव्रता दिन सरकारलाई आग्रह गरे । नेपाली कांग्रेसकी >>> पृष्ठ २ मा

# एमालेमा मतदानबाट नेतृत्व चयन

लुम्बिनी प्रदेशमा पार्टी नेतृत्वको निर्देशन बिपरीत नेताहरु चुनावी मैदानमा उत्रिए, जुन अभ्यास केपी शर्मा ओली एमालेको नेतृत्वमा आउनु अगाडि नियमित जस्तै थियो ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १८ भदौ ।

नेकपा एमाले लुम्बिनी प्रदेशको नयाँ नेतृत्व चयन प्रक्रिया अन्तत मतदानमै पुग्यो । बुटवलमा जारी अधिवेशनमा सर्वसम्मत रुपमा नेतृत्व चयन गर्ने विषयमा नेताहरुबिच सहमति नभएपछि मतदान भएको हो । प्रदेश अध्यक्षका लागि हरि रिजाल र राधाकृष्ण कँडेलले प्रतिस्पर्धा गरे ।

अर्थात्, लुम्बिनी प्रदेशमा पार्टी नेतृत्वको निर्देशनविपरित नेताहरु चुनावी मैदानमा उत्रिए जो एमालेमा केपी शर्मा ओली पार्टी नेतृत्वमा आउनु अगाडिको आन्तरिक लोकतन्त्रको सुन्दर दृश्य हो ।



साउन अन्तिम साता मात्रै एक अनलाइन समाचार पोर्टलमा दिएको अन्तर्वार्तामा एमालेको नीतिमाथि सार्वजनिक रूपमा फरक मत राख्दा स्थायी कमिटी सदस्य मणि थापालाई एमालेले स्पष्टीकरण सोध्ने निर्णय गरेको थियो । त्यसको केही साता पछि मात्रै एमालेमा फरकमतलाई स्वीकार गरिएको छ । फरक मतलाई स्वीकार गर्दै लुम्बीनीमा चुनावी प्रक्रिया अवलम्बन गर्न एमाले नेतृत्व वाध्य भयो ।

एमालेमा मत निषेधको सबै भन्दा बढी पीडा भोग्ने नेता हुन्, भीम रावल हुन् । २०७८ मंसिरमा चितवनको सौराहामा भएको १० औं महाधिवेशनमा अध्यक्ष पदमा केपी शर्मा ओलीसँग प्रतिस्पर्धा गरेका उनले हालसम्म एमालेमा सक्रिय हुने पद पाएका छैनन् । तथापि, उनको सक्रियताको खोजी पार्टीभित्र पटक पटक भएको छ ।

कुनै बेला एमालेमा 'राष्ट्र, जनता, विधि, पद्धतिका बारेमा व्यापक छलफल र बहस हुने गर्दथ्यो । मार्क्सवादलाई मार्गनिर्देशक सिद्धान्तका रूपमा लिएको पार्टीमा फरक मत राख्न पाउनु सामान्य विषय भए पनि केपी शर्मा ओली पार्टी नेतृत्वमा पुगेपछि एमालेमा सामूहिक नेतृत्व किनारामा पुगेको थियो । जसलाई फेरि फर्काउन नेताहरु सक्रिय भएका छन् । जो लुम्बिनी प्रदेशमा देखा परेको छ । >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# क्रोएसिया पठाइदिने भन्दै करोडौं रकम उठाएर बेपत्ता


**मध्यान्ह संवाददाता**
झापा, १८ भदौ

आकर्षक तलबमा रोजगारीका लागि क्रोएसिया पठाइदिने भन्दै करोडौं रकम उठाएका व्यक्ति बेपत्ता भएपछि झापाका सयौं युवा ऋणको बोझ र तनाबमा परेका छन् । झापाको कनकाई नगरपालिका वडा नं. ३ कनकाई टोलमा डेरा गरेर बस्दै आएका मोरङ पोखरियाका सञ्जय सरदार त्यस क्षेत्रका एक सयभन्दा बढी युवालाई क्रोएसियामा आकर्षक वैदेशिक रोजगारीको प्रलोभनमा पारेर प्रतिव्यक्ति एक लाखदेखि तीन लाखका दरले रकम उठाएर फरार भएका छन् ।

सरदारले जिल्लाको सुरुङ्गा बजार, कनकाई टोल र झापा गाउँपालिका क्षेत्रका एक सयभन्दा बढी युवासँग प्रतिव्याक्ति १ लाखदेखि ३ लाखसम्म उठाएको पीडितहरुले जिल्ला प्रशासन कार्यालय झापा र वैदेशिक रोजगार विभागमा दिएको उजुरीमा उल्लेख छ । क्रोएसियाको वैदेशिक रोजगारीका नाममा सरदारले अन्य धेरैलाई ठगेको र उनले ५ करोड रुपैयाँभन्दा बढी रकम उठाएको हुनसक्ने एक पीडित बताउँछन् ।

आकर्षक तलबमा क्रोएसिया पठाइदिने भन्दै रकम उठाएरका सरदारले शुरुमा दुई महिलासहित १६ जनालाई भारतको दिल्ली लगेर त्यहाँ अर्को ठगसँग मिलेर मेडिकल र बायोमेट्रिक गराएको समेत नाटक गरेर >>> पृष्ठ २ मा

### कतारमा अधिकारकर्मी मियालाई सम्मान



**काठमाडौं/मस-** कतारको राष्ट्रिय मानवअधिकार कमिटीले प्रोफेसर रमजान अलि मियालाई सम्मान गरेको छ । कतारको राष्ट्रिय मानवअधिकार कमिटीले गत अगष्ट १ >>> पृष्ठ २ मा

Urgently Required
One of the leading recruitment agency is seeking for following applicants.
PRO : 02 (Male/Female)
Documentation Officer : 2 (Male/Female)
Minimum +2 passed, experienced in the related fields
Excellent in Photoshop and Nepali typing.
Attractice salary for the deserving candidate.
Send your CV for WALK-IN Interview.
Email: hragencynepal@gmail.com,
Mobile : 9801031025

Gulf Empire Company
We Are Hiring!
Join our team

AVAILABLE POSITIONS
• Manager
• Accountant
• PRO/Recruitment Officer
- Salary: Negotiable
- Type: Full-time
HOW TO APPLY
Send your CV and Portfolio to this email address:
gulfempirenepal@gmail.com,
aryalsushank@gmail.com
FOR MORE INFORMATION
+977 1-4115960/61 | www.gulf-empire.com
KMC-31, Minbhawan,Kathmandu,Nepal

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

१९ भदौ २०८०, मंगलबार
5 September 2023, Tuesday

# राष्ट्रसेवकको कर्तव्य पालनामा अवरोध नपुऱ्याउन प्रशासनको आग्रह



**काठमाडौं/मस-** काठमाडौं जिल्ला प्रशासन कार्यालयले असल मनसायबाट सम्पादन भएका सरकारी काम र त्यस्तो काममा खटिएका राष्ट्रसेवकलाई निरुत्साहित गर्ने गरी सामाजिक सञ्जालमा व्यक्त भएका अभिव्यक्तिप्रति ध्यानाकर्षण भएको जनाएको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी खड्गबहादुर श्रेष्ठले सोमबार विज्ञप्ति जारी गर्दै आफ्नो पदीय जिम्मेवारी र कर्तव्य पालना गर्न बसेका राष्ट्रसेवक कर्मचारीलाई कर्तव्य पालनामा बाधा र अवरोध नपुऱ्याउन आग्रह गरेका हुन् ।

उनले सामाजिक सञ्जालमा जथाभावी वक्तव्यबाजी नगर्न/नगराउन सम्बन्धित सबैमा अनुरोधसमेत गरेका छन् । लोकतन्त्र र विधिको शासनले कानुनको दृष्टिमा सबै समान छन् भन्ने कुरा स्थापित गरेको व्यहोरा स्मरण गराउँदै सहायक प्रजिअ श्रेष्ठले प्रचलित कानुनको बर्खिलाप हुने जुनसुकै गतिविधि नियन्त्रण गर्न स्थानीय प्रशासन तथा सुरक्षा निकाय प्रतिबद्ध रहेको उल्लेख गरेका छन् । उनले विधिको शासन प्रत्याभूत गर्न अहोरात्र क्रियाशील निकाय तथा सम्बद्ध राष्ट्रसेवकलाई साथ, सहयोग र हौसला प्रदान गर्न आमनागरिक समक्ष आग्रह पनि गरेका छन् ।

सुरक्षाकर्मी एवं कर्मचारी विद्यमान कानुन एवं नीति निर्देशनको पालना गर्न/गराउन अहोरात्र फिल्डमा खटिएर काम गर्दै आएको उल्लेख गर्दै सहायक प्रजिअ श्रेष्ठले आफूलाई प्राप्त जिम्मेवारी पूरा गर्न खटिने सुरक्षाकर्मी र कर्मचारीलाई जिम्मेवार सरकारी निकाय, पदाधिकारी, नागरिक समाज र आमनागरिकका तर्फबाट उचित सहयोग, समर्थन र हौसला सदैव अपेक्षित हुने बताएका छन् ।

कार्यक्षेत्रमा खटिएका कर्मचारी वा सुरक्षाकर्मीका बारेमा कुनै गुनासो भएमा तथ्य प्रमाणसहित सम्बन्धित निकायका प्रमुख वा गुनासो सुन्ने अधिकारीसमक्ष जानकारी हुन आएको खण्डमा प्राप्त गुनासोउपर छानबिन गरी आवश्यक निर्णय हुने उनको भनाइ छ ।

सरकारी स्रोतसाधनको दुरुपयोग हुन नदिन सार्वजनिक विदाका दिनमा सरकारी सवारीसाधन सञ्चालनमा निगरानी र नियन्त्रण गर्ने कार्य सबै जिल्ला प्रशासन कार्यालयमार्फत विगतदेखि नै हुँदै आएको स्मरण गराउँदै सहायक प्रजिअ श्रेष्ठले यस सन्दर्भमा गृह मन्त्रालयले विभिन्न मितिमा अनुगमन, नियमन र नियन्त्रणका लागि परिपत्रसमेत गर्ने गरेको जनाएका छन् ।

सरकारी कामका लागि बिदाका दिनमा सरकारी सवार साधन प्रयोग गर्नुपर्दा तोकिएका अधिकारीबाट जारी भएको सवारी पास प्रयोग गर्न पाउने स्पष्ट व्यवस्था रहेको जनाउँदै काठमाडौं जिल्ला प्रशासनले यसबाट निजी काममा सरकारी सवारी साधनको प्रयोगमा कमी आई मितव्ययिता गर्न मद्दत पुगेको जिकिर गरेको छ । गृह मन्त्रालयको निर्देशनअनुसार सरकारी स्रोत साधनको दुरुपयोग नियन्त्रणका लागि स्थानीय प्रशासन निरन्तर क्रियाशील रहेको छ र भविष्यमा समेत दृढतापूर्वक यो नीति कार्यान्वयन गरिने कार्यालयले जनाएको छ ।

## नेपालले...

भारतविरुद्ध नेपालका ब्याट्सम्यानहरुले हिम्मतका साथ खेलेका थिए । त्यसका लागि ओपनिङ ब्याट्सम्यान कुशल भुर्तेल र आसिफ शेखले बलियो साझेदारी गरे । पावर प्लेमा भुर्तेल र शेखले ६५ रनको साझेदारी गरेका थिए । भुर्तेलले २५ बलमा बिस्फोटक ब्याटिङ गर्दै ३८ रन बनाए ।

अर्का ओपनर आसिफले भारतविरुद्ध अर्धशतक नै बनाए । ९७ बलमा आसिफले आठ चौकाको मद्दतमा ५८ रन बनाए । नेपालका लागि सोमपाल कामीले महत्वपूर्ण ब्याटिङ गरे । उनले दुई छक्का र एक चौकाको मद्दतमा ४८ रन बनाएका थिए । नेपालका लागि दिपेन्द्रसिं ऐरीले २९, गुल्शन झाले २३, सन्दीप लामिछानेले ९, भीम सार्कीले ७, रोहितकुमार पौडेलले ५, कुशल मल्लले २ र करण केसीले २ रन जोडे ।

भारतविरुद्ध ४८.२ ओभर खेल्नु आफैमा महत्वपूर्ण थियो । तर बर्षाका कारणले भारतले २३ ओभरमा १४५ रनको नयाँ लक्ष्य पायो । ओपनर रोहित शर्मा र शुभमन गिलले बलियो साझेदारी गर्दा नेपाल १० विकेटले पराजित भए । भारतले लक्ष्य भेटाउन २०.१ ओभर खेल्नुपरेको थियो ।

नेपालले भारतसँग हारेसँगै एसिया कप प्रतियोगिताबाट बाहिरिए पनि पाकिस्तान र भारतसँग सम्झनालायक इनिङ खेले । विश्व स्तरीय पाकिस्तानका ६ ब्याट्सम्यानलाई आउट गरेको नेपालले भारतका बलर हरुविरुद्ध हिम्मतका साथ स्कोर बनाए ।

एसियाकपलाई नेपालले टेस्ट मुलुकहरुसँग प्रतिस्पर्धा गर्ने नयाँ यात्रा अनि विश्व क्रिकेटमा एक्पोजरका रुपमा लिएको थियो । नभन्दै नेपालका खेलाडीहरुले अनुभव, योग्यता र बरियतामा धेरै माथि रहेका मुलुकहरुसँग हिम्मतका साथ खेले ।

## तत्काल...

सांसद अनिता देवकोटाले संविधानमार्फत राजनीतिक रुपान्तरण भएको बताए । तर त्यस रुपान्तरण कार्यानवयनका लागि आवश्यक उपकरण कानुन रहेको र कानुन अभावमा संविधानको प्रभावकारी कार्यान्वयन हुन नसकेको बताए ।

'जबसम्म संविधान अनुसार नियम, नियमावली र कार्यविधि बनाउन्दैनौं तबसम्म हाम्रा अधिकारहरु अधुरा रहन्छन्' उनी थप्छिन्, 'मौलिक हकहरु पनि लागू हुन सकिरहेका छैनन् । यसको कारण हामी कानुन निर्माणमा केन्द्रित नहुनुको परिणाम हो ।'

कर्मचारी समायोजन भए पनि संघीय निजामति ऐन बनाउन नसक्दा समस्या भएको उनको भनाइ छ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड राष्ट्रपतिको कार्यसम्पादन सहितका कतिपय व्यवस्थालाई थप स्पष्ट गर्न आवश्यक रहेको संसदीय अध्ययनको निष्कर्षमा समर्थन जनाउँछन् । प्रतिवदनले राष्ट्रपतिको कार्यसम्पादन, राष्ट्रपतिबाट विधेयक प्रमाणीकरण सम्बन्धी विषय, महाअभियोग, अदालतको अवहेलनामा कारबाही चलाउने, जनमत संग्रह लगायतका विषयमा नयाँ कानुन आवश्यक रहेको औंल्याएको छ ।

'प्रतिवेदनले औँल्याइएका यी विषयमा कानुन निर्माण गर्ने सन्दर्भमा थप अध्ययन, समन्वय र छलफलमार्फत टुंगोमा पुग्नुपर्ने देखिन्छ' सोमबार राष्ट्रिय सभाको बैठकमा प्रतिवेदनउपर उठेका प्रश्नहरुको जवाफ दिँदै प्रधानमन्त्री प्रचण्डले भने । विधायन व्यवस्थापन समिति अन्तर्गतको गठित उपसमितिले तयार पारेको प्रतिवेदनमाथिको छलफलपछि राष्ट्रिय सभाले संविधान कार्यान्वयसँग जोडिएका बन्न बाँकी कानुन बनाउने प्रक्रिया तत्काल अघि बढाउन सरकारलाई रुलिङ गरेको छ ।

## एमालेमा...

विगतमा सरकार संचालन गर्दादेखि दुई दुई पटक प्रतिनिधि सभा विघटन गर्दा समेत ओलीले पार्टीमा छलफल चलाएनन् । त्यसको परिणाममा गत स्थानीय तह, प्रदेश र आम चुनावमा एमाले एकातिर अन्य दलहरु एकातिर हुने अवस्था आएको थियो । दलीय गठबन्धनका लागि गणतन्त्र नमान्ने राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)सँग चुनावी तालमेल गर्नुपर्ने अवस्थामा एमालेको पुगेको थियो । तथापि, एमाले दोस्रो ठूलो दलको रुपमा कायम छ ।

पछिल्लो समय प्रतिनिधि सभामा विपक्षीको भूमिका निर्वाह गर्ने क्रममा समेत एमाले सांसदहरुलाई पार्टी अध्यक्ष ओलीले आफू अनुकुल चलाउन खोजिरहेका छन् । संघीय संसदमा अवरोध गर्ने, एउटा सदनमा अवरोध हुँदा अर्को सदन पनि चल्न नदिने, बिना प्रक्रिया सिधै राजीनामा माग्न लगाउने, अवरोधको नीतिका सम्बन्धमा समेत पार्टीमा कुनै छलफल नचलाउने प्रवृति ओलीले लादेका छन् । यसका विरुद्ध पार्टीभित्र रहेको स्वर विस्तारै प्रकट हुन थालेको छ । जो ओलीका कट्टर समर्थकका रुपमा रहेको बताउने गरिएको छ उनीहरु नै एमालेका आन्तरिक लोकतन्त्रको बहस गर्न थालेका छन् ।

लुम्बिनी प्रदेशमा उपाध्यक्ष विष्णु पौडेल र एमालेका महासचिव शंकर पोखरेल बीचमा आफ्नो पक्षमा टिम नेतृत्वमा ल्याउने गरी प्रस्तुत भए । जो निरन्तर ओलीकै पक्षमा रहँदै आएका नेता हुन् । आफ्नै पक्षमा रहेको भनिएका नेताहरु विभाजित भएर प्रस्तुत भएपछि केन्द्रीय नेतृत्वमो निर्देशन नै कार्यान्वयन हुन नसक्ने अवस्था आएको हो । यसले एमालेमा फेरि फरक मत राख्ने अन्य नेताहरुले समेत स्थान पाउन सक्ने अवस्थाका लागि वातावरण निर्माणको आधार तयार गरिदिएको छ ।

## क्रोएसिया...

विश्वास जितेको स्थानीय सुनम राईले जानकारी दिए ।

भारतको नयाँ दिल्ली लगिएका १६ जनालाई झापा फर्काएर ल्याइ उनले 'यिनीहरुको मेडिकल र बायोमेट्रिक भयो, चाँडै उड्छन् तपाईंहरु पनि चाँडै उड्ने भए रकम बुझाउनु होस्' भन्दै दबाब र प्रलोभनमा पारेपछि स्थानीय अन्य युवाहरुले १ लाखदेखि ३ लाखसम्म बुझाएको बताइएको छ ।

झापा गाउँपालिकाकी दीक्षा गनगाईंसँग विवाह गरेका उनले ज्वाइँ नाता लगाएर स्थानीय बेरोजगार अवस्थामा रहेका 'साला जेठान'हरुको विश्वास जितेर अनपेक्षितरुपमा ठूलो रकम उठाउन सफल भएको आंकलन स्थानीयले गरेका छन् । ठगीको घटनापछि श्रीमती दीक्षा दुबई गएको र सरदार भारतमा लुकेको पीडितहरुको दाबी छ । सरदारले यसअघि मोरङमा समेत ठगेर बदनाम भएको र पछि झापा सुरुङ्गा आइ विवाह गरेर बसी ज्वाइँ नाताले ठगीको दोस्रो अध्याय रचेको बताइएको छ ।

## कतारमा...

तारिखदेखि सेप्टेम्बर १ तारिखसम्म सञ्चालन गरेको 'प्रिभेन्टिङ द रिस्क अफ हिट स्ट्रेस' अर्थात उच्च गर्मीले सिर्जना गर्ने तनाब व्यवस्थापनसम्बन्धी जनचेतनामूलक कार्यक्रममा अविस्मरणीय र उच्च प्रकारको योगदान दिएको भन्दै मियालाई सम्मान गरेको हो । कतारको राष्ट्रिय मानवअधिकार कमिटीका महासचिव सुल्तान हसन अल जमुलाईले मियालाई सम्मान प्रदान गरे । डेढ दशकदेखि कतारमा रहेका मियालाई यसअघि श्रमिक अधिकारको क्षेत्रमा काम गरेबापत कतार सरकारको गृह मन्त्रालयले सम्मान गरेको थियो । मियाले कतारमा कार्यरत आप्रवासी नेपालीहरुलाई आइपरेका समस्या समाधानमा कानूनी एवम् अन्य सहयोग गर्दै आएका छन् ।

रमजानले कतारको श्रम ऐन, कतारमा कार्यरत नेपालीहरुका लागि हित हुने विभिन्न सरकारी डकुमेन्टहरु नेपाली भाषामा अनुवाद गरेका छन् भने केही समयअघि 'मैले देखेको कतार' नाममा कृति पनि प्रकाशन गरेका थिए । मध्यपूर्वी देशमा काम गर्न जाने नेपालीलाई अरबी भाषा सिक्न सजिलो होस् भनेर उनले 'अरबी गुरु' नामक पुस्तक पनि प्रकाशित गरेका छन् । उनी कतार सरकारका विभिन्न निकायबाट पटक-पटक सम्मानित हुँदै आएका छन् ।

## रौतहट डायरी कृष्ण तिवारी/मध्यान्ह

# जय किसान बहुप्राविधिक शिक्षालयमा होस्टल नहुँदा समस्या

रौतहटको जय किसान बहुप्राविधिक शिक्षालय धरहरीमा होस्टलको सुविधा नहुँदा विद्यार्थीहरु वर्षौंदेखी शिक्षालयभन्दा बाहिर भाडाको कोठामा बस्न बाध्य भएका छन् ।

२०७३ सालमा जिल्लाको देवाही गोनाही नगरपालिका-९ धरहरीमा स्थापना भएको बहुप्राविधिक शिक्षालयको आफ्नो होस्टल अझै निर्माण नहुँदा सयौं छात्रछात्राहरु महंगो कोठा भाडामा लिएर अन्यत्र बस्न बाध्य हुन् ।

शिक्षालयमा तीन वर्षे ओभरसियर, आइटी र कृषि विषयको अध्ययन अध्यापन हुने गरेको छ । जम्मा ५० हजार मात्र अध्ययन शुल्क तोकिएको ओभरसियर, आइटी र कृषि विषयमा हाल ४ सय ९८ भन्दा बढी विद्यार्थी अध्ययनरत छन् ।

शिक्षालय सञ्चालनमा आएको ७ वर्ष भइसक्दा पनि अझै विद्यार्थीहरुलाई बस्न होस्टलको सुविधा नहुँदा टाढा टाढाबाट अध्ययन गर्न आउने विद्यार्थीहरुलाई धरहरी, देवाही,





शिवनगर, जयनगर लगायत गाउँमा महंगो भाडा तिरेर बस्नु परेको छ ।

गाउँघरमा एकातर्फ कोठा पाउन मुस्किल छ भने अर्कोतर्फ विवाह, पूजापाठ, उत्सव लगायत कार्यमा ठूलो स्वरमा बज्ने डिजे बाजाका कारण विद्यार्थीहरुको पढाइ नै प्रभावित हुने गरेको छ ।

त्यस्तै गाउँघरको कोठा भाडामा लिएर बस्दा विभिन्न किसिमका समस्या, चुनौति र जोखिम समेत रहेको विद्यार्थीहरु बताउँछन् । छात्रले जेनतेन गरेर बसे पनि खासगरी छात्राहरुलाई गाउँघरमा बस्न निकै ठूलो जोखिम र समस्या छ । गाउँघरको बसाई असुरक्षित रहेको भन्दै छात्राहरु शिक्षालयभन्दा बाहिर गाउँ घरमा बस्न मान्दैनन् । शिक्षालयमा पढ्ने इच्छा भएपनि शिक्षालयभित्र बस्ने आवासको सुविधा नहुँदा बाहिर असुरक्षा महसुस गर्दै अधिकांश छात्राहरु विरगंज, हेटौडा, भरतपुर लगायत ठाउँमा अध्ययन गर्न जान बाध्य छन् ।

जय किसान बहुप्राविधिक शिक्षालय धरहरीका शिक्षालय प्रमुख इन्जिनियर धनोज कुमार यादवले शिक्षालयको आफ्नो होस्टल नहुँदा विद्यार्थीहरु जोखिम मोलेर अन्यत्र महंगो कोठा भाडामा लिएर बस्दै आएको बताए । शिक्षालय प्रमुख यादवले भने, 'शिक्षालयभित्र विद्यार्थीहरुलाई बस्न आवासको व्यवस्था हुनु अतिआवश्यक छ, तर आवासको व्यवस्था नहुँदा गाउँघरको भाडाको कोठामा बस्दा खासगरी छात्रालाई धेरै गाह्रो र चुनौति छ ।'

त्यसैले आफुले जतिछिटो होस्टल र क्यान्टीको व्यवस्था गर्न प्रदेश र केन्द्र दुबै सरकारको शिक्षा मन्त्रालयलाई पहल थालेको उनले बताए ।

शिक्षा मन्त्रालयले होस्टल र क्यान्टीको भवन निर्माणका लागि सकारात्मक जवाफ दिएको बताउँदै उनले अब चाडै होस्टल र क्यान्टीको भवन निर्माण प्रकृया अगाडि बढ्ने बताए ।

यस शिक्षालयमा तराई मधेशका साथै पहाडका जिल्लाहरुबाट समेत विद्यार्थीहरु तीन वर्षे ओभरसियर, आइटी र कृषि विषय अध्ययन गर्न आउने गरेका छन् ।

अन्य ठाउँभन्दा सस्तो शुल्क, राम्रो वातावरण र गुणस्तरीय शिक्षा तथा दक्ष एवं अनुभवी प्रशिक्षकहरुबाट अध्ययन गराइने भएको हुँदा प्राविधिक विषय अध्ययन गर्नका लागि जय किसान बहुप्राविधिक शिक्षालय धरहरीप्रति विद्यार्थीको आकर्षण बढेको शिक्षालयको दावी छ । हालसम्म ओभरसियर, आइटी र कृषि गरी यी तीन विषयको मात्र पढाइ हुँदै आएको जय किसान बहुप्राविधिक शिक्षालयमा अब केहि दिन भित्रमै स्वास्थ्य, भेटेरीनरी र एचए विषयको समेत पढाइ शुरु हुने प्रकृयामा रहेको बताइएको छ ।

# कटहरिया माविको अध्यक्षमा अन्सारी निर्विरोध

रौतहटको जनता माध्यमिक विद्यालय कटहरियाको विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा नश्रुदिन अन्सारी निर्विरोध निर्वाचित भएका छन् । सोमबार विद्यालयको कार्यकक्षमा जनप्रतिनिधि र अभिभावकहरुको बैठकले व्यवस्थापन समितिको अध्यक्षमा कटहरिया निवासी अन्सारीलाई सर्वसम्मत चएन गरेको हो । समाजसेवामा अग्रसर रहँदै आएका अन्सारीको अध्यक्षतामा चार सदस्यीय व्यवस्थापन समिति चयन गरिएको हो ।

नवनिर्वाचित विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अन्सारीले विद्यालयको शैक्षिक गुणस्तर राम्रो बनाउन शिक्षक, अभिभावक र समाजका सबै पक्ष मिलेर अघि बढ्नुपर्ने बताउँदै विद्यालयलाई सबै हिसाबले नमुना बनाउन सामूहिक रूपमा छलफल गरेर अघि बढ्ने बताए ।

गरिबी र अशिक्षाका कारण अझै धेरै बालबालिका विद्यालयभन्दा बाहिर रहेको चर्चा गर्दै अन्सारीले विद्यालयको पहुँच भन्दा बाहिर रहेका विद्यार्थीहरुलाई विद्यालयसम्म ल्याउन आफुले विशेष योजना



बनाएर अगाडि बढ्ने बताए ।

अति गरिब एवं विपन्न परिवारका बालबालिकालाई पढाइमा लाग्ने सम्पूर्ण खर्च आफुले तिर्ने उनले प्रतिवद्धता जनाए । अब गरिबीको कारण कसैको बालबालिकालाई शिक्षा हासिल गर्नबाट बञ्चित हुन नदिने समेत उनले बताए ।

कटहरिया नगरपालिकाका मेयर अजय प्रकाश जयसवालले नवनिर्वाचित व्यवस्थापन समितिका अध्यक्ष अन्सारीसहित सम्पूर्ण पदाधिकारीहरुलाई टिका, माला र गम्छा ओढाएर सम्मान गरेका थिए ।


## UAE मा वैदेशिक रोजगारको अवसर

**कम्पनी: M E S SECURITY SERVICES L.L.C.-BRANCH OF ABU DHABI I** शहर: UAE
पूर्व स्वीकृत मिति: २०७९/०३/२३ चलानी नं.: ६०१८२७४० LT. No.: 266794 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 75 | 25 | स. काममा दक्ष | 2000 | ७१,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी: BARARI NATURAL RESOURCES** शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/०३/२८ चलानी नं.: ६०२०४५८३ LT. No.: 289202 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Forestry Worker | 150 | 0 | स. काममा दक्ष | 800 | २८,७३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी: ALABAAD ALKHAMSAH SECURITY SERVICES** शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/०४/२५ चलानी नं.: ६०२०५९७७ LT. No.: 290613 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 80 | 20 | स. काममा दक्ष | 1200 | ४३,१०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ २० गते (6 September 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

FUTURE STAR MANPOWER PVT. LTD.
श्रम इजाजत नं.: ३९७/०६०/०६१
**फ्यूचर स्टार म्यानपावर (प्रा.) लि.**
सामाखुसी, टाउनप्लानिङ्ग, काठमाडौं फोन: ०१-४३६०५७६, ४३५०७१९, ९८१०१०१८१०, ९८१३९१६३२२
Email: futurestarmp397@gmail.com



दावी विरोध सम्बन्धी
**बैदेशिक रोजगार विभाग काठमाडौंको**
## सूचना

प्रकाशित मिति: २०८०/०५/१९ गते

यस विभागबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था **वर्ल्डनेट ह्युमन रिसोर्स म्यानपावर प्रा. लि.** (श्रम ईजाजत न.: ७३९/०६४/६५) को काठमाडौं जिल्ला नागार्जुन न.पा. वडा नं. ०४ मा रहेको कार्यालयको साविकको ठेगाना परिवर्तन गरी काठमाडौं जिल्ला चन्द्रागिरी न.पा. वडा नं. १४ कायम गर्न माग भई आएकोले उक्त प्रा. लि. को माग बमोजिम साविकको ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ । अन्यथा कानुन बमोजिम भई जाने व्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराईन्छ ।



## मलेसियामा रोजगार | कम्पनी: SMART FORCE SECURITY SERVICES SDN.BHD.

शहर: SELANGOR
पूर्व स्वीकृत मिति: २०८०/०५/१८ चलानी नं.: ६०२०७२०८ LT. No.: 292101

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ २६ गते (12 September 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Frontline Recruitment
**Frontline Recruitment Pvt. Ltd.**
Kalimatidol, Kathmandu, Nepal, P.o.box:13708, Tel No:01-4493645,4493646
Fax:+977-01-4493647 Email:info@manpoweragencynepal.com
श्रम इजाजत पत्र नं.: ८८६/०६७/०६८



## Bahrain मा रोजगार | कम्पनी : EVERFINE TRADING W.L.L

पूर्व स्वीकृत मिति: २०७९/०७/१६ चलानी नं.: ६०१९०३४९ L.T. No.: 291969

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब BD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 10 | 15 | सम्बन्धित काममा दक्ष | 150 | ५२,५४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner Worker | 15 | 0 | | 130 | ४५,५३६ | | | | | | | |
| 3. | Helper Worker | 15 | 0 | | 130 | ४५,५३६ | | | | | | | |
| 4. | Salesman | 15 | 0 | | 150 | ५२,५४२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ २६ गते (12 September 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**BROTHERS INTERNATIONAL Employment Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: ६१५/०६३/०६४
साबिक : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.)
गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११, ०१-५९१९८१२, ९८०५८६५१९३



## हकदावी सम्बन्धि सूचना

कम्पनीको व्यवसाय वृद्धि गर्न झापा जिल्ला विर्तामोड न.पा.वडा नं.१ विर्तामोडमा शाखा कार्यालय खोल्न आवश्यक देखिएकाले विर्तामोडमा शाखा कार्यालय खोल्ने स्वीकृति पाउँ भनि वैदेशिक रोजगार विभागमा निवेदन गर्दा विभागले शाखा कार्यालय खोल्ने स्वीकृति दिएकोले झापा जिल्ला तोपगाछी गा.वि.स. वडा नं. ५ परिवर्तित कमल गा.पा.वडा नं. ४ वस्ने गंगा वहादुर लिम्बुलाई शाखा प्रमुख नियुक्त गरि कामकाज गराई आईएकोमा कम्पनीलाई झापा शाखा कार्यालय आवश्यक नभएकाले विर्तामोडमा खोलिएको शाखा कार्यालय वन्द गर्ने र शाखा खोल्न राखिएको धरौटी रु.५,००,०००/– फिर्ता गरि पाउँ भनि वैदेशिक रोजगार विभागमा निवेदन गर्ने निर्णय गरेकाले सूचना प्रकाशित गरिएको छ । साथै यस कम्पनीको झापा जिल्ला विर्तामोड न.पा.वडा नं. १ विर्तामोडमा खोलेको शाखा कार्यालय चलाउँदा कोही कसैको लिनु दिनु भए, कसैलाई रकम दिन बाँकी राखेको भएमा १५ दिन भित्र यस कम्पनीको तल उल्लेखित ठेगानामा वा वैदेशिक रोजगार विभाग ताहाचल, काठमाडौंमा उजुरी दावी गर्नुहुन अनुरोध गरिन्छ । अन्यथा कानून बमोजिम भै जाने व्यहोरा सूचित गरिन्छ ।

**निलकमल ह्युमन रिसोर्स प्रा. लि.**
Gov. lic. No. 793/065/066
सिनामंगल-९, एयरपोर्ट (शम्भुमार्ग रोड नं. ४) काठमाडौं नेपाल
फोन: ५९१६७१३, ५९१६७१४.
Email: info@neelkamalnepal.com, Web.: neelkamalnepal.com



## कतारमा रोजगार | कम्पनी : RELIABLE GENERAL CLEANING AND HOSPITALITY

शहर : Qatar, Doha
पूर्व स्वीकृत मिति: २०८०/०५/१८ चलानी नं.: ६०२०७२११ LT. No.: 291996

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Foreman | 12 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ९०,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Clean Worker | 0 | 2 | | 1000 | ३६,२२० | | | | | | | |
| 3. | Labour Services | 0 | 2 | | 1000 | ३६,२२० | | | | | | | |
| 4. | Representative | 2 | 0 | | 2200 | ७९,६८४ | | | | | | | |
| 5. | Supervisior | 11 | 0 | | 2500 | ९०,५५० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० भदौ २६ गते (12 September 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**इन्टरनेशनल ट्रेड लिङ्क नेपाल प्रा. लि.**
श्रम इजाजत नं. ७०६/०६४/०६५
बसुन्धरा चौकी, काठमाडौं, नेपाल, फोन: ४३९०६६९, ४३६३६९७
Email.: info@itlnepal.com, Web.: www.itlnepal.com



## मलेसियामा रोजगार | कम्पनी : THE CORUM VIEW HOTEL SDN BHD

शहर : Malaysia, Penang
पूर्व स्वीकृत मिति: २०८०/०५/१८ चलानी नं.: ६०२०७२०७ LT. No.: 292088

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Housekeeping | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० भदौ २६ गते (12 September 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**न्यू गोर्खाज इन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ३४८/०५९/०६०
पो.ब.नं ५६४५, धुम्बाराही, काठमाडौं, नेपाल, फोन: ०१-४५४४९२८, ९७४९८७५४४९

# ‘न्याय सेवालाई प्रभावकारी बनाउन सरकार प्रतिबद्ध’



**काठमाडौं/मस-** कानून, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले न्यायीक सुधार गर्न योजनाबद्ध विकासको थालनी भएको बताउँदै बक्यौता मुद्दाको शीघ्र फछ्र्योट गर्न समय निर्धारण गरी सर्वोच्च अदालत अग्रसर रहेको बताएका छन् ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा आफ्नो मन्त्रालयसम्बन्धी मौखिक प्रश्नहरुको उत्तर दिँदै उनले पुराना बक्यौता मुद्दा फछ्र्यौट गर्न रणनीति बनाई काम भइरहेको बताए ।

मन्त्री गुरुङले न्यायाधीशको नियुक्ति न्यायोचित ढंगबाट गर्ने कार्य भइरहेको बताउँदै भागबन्डाबाट नहुने उल्लेख गरे ।

जनतालाई छिटोछरितो र सहज ढंगले निष्पक्ष न्याय प्रदान गर्नका लागि सरकार लागिपरेको बताउँदै उनले न्याय सेवालाई प्रभावकारी बनाउन यही भदौ ११ गतेदेखि सर्वोच्च अदातलमा स्वचालित पेसी तारिख प्रणाली लागू भएको र आवश्यक पूर्वाधारको तयारी भइरहेकाले क्रमशः अन्य अदालतमा पनि लागू हुने जानकारी गराए ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राईले वर्तमान सरकारमा रहेका पार्टीहरुले निर्वाचनका बेला घोषणापत्रमा विज्ञान र प्रविधिका लागि गरेका वाचालाई कार्यान्वयन गर्न नेपाल सरकारले चालु आर्थिक वर्षको नीति कार्यक्रममा समावेश गरेको बताए ।

आफ्नो मन्त्रालयसम्बन्धी मौखिक प्रश्नहरुको उत्तर दिँदै उनले अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी कानूनअनुसार माध्यामिक तहसम्मको शिक्षा निःशुल्क नै रहेको बताउँदै खोपः विश्वविश्वविद्यालयसम्बन्धी विधेयक आवश्यक प्रक्रिया पुऱ्याए यथाशीघ्र सदनमा पेस हुने बताए ।

# संगठनको गरिमा जोगाउन सशस्त्रका महानिरीक्षक अर्यालको निर्देशन



**काठमाडौं/मस-** सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले व्यक्ति स्वार्थभन्दा माथि उठेर संगठनको गरिमा जोगाउने गरी काम गर्न सशस्त्र प्रहरी कर्मचारीहरुलाई निर्देशन दिएका छन् ।

सशस्त्र प्रहरी नायब उपरीक्षकमा बढुवा भएका अधिकृतहरुलाई दर्ज्यानी चिह्न प्रदानपछि सोमबार सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय हलचोकमा आयोजित समारोहमा उनले भने, ‘व्यक्तिगत स्वार्थभन्दा माथि उठेर संगठनको गरिमा र छविलाई उच्च बनाई राख्न निःस्वार्थ भावनाका साथ अघि बढ्नुहोस् ।’

कार्यक्षेत्रमा आइपर्ने जस्तोसुकै कठिन परिस्थिति र चुनौतीको समाना गर्न सङ्गठनका राष्ट्रसेवकहरु एक ढिक्का भएर लाग्नुपर्ने उल्लेख गर्दै उनले सशस्त्र प्रहरी कर्मचारीको वृत्तिविकासलाई ध्यान राख्दै सङ्गठनले कदम चालिरहेको उल्लेख गरे । उनले पदोन्नतिसँगै थप भएको जिम्मेवारीलाई कर्तव्यनिष्ठ र लगनशील भई त्रुटिरहित ढंगबाट सम्पादन गर्न पनि निर्देशन दिए ।

नेपाल सरकार गृह मन्त्रालय (सचिवस्तर)को भदौ १३ को निर्णयले ८४ जना सशस्त्र प्रहरी निरीक्षकहरु सशस्त्र प्रहरी नायब उपरीक्षकमा बढुवा भएका थिए ।

सोमबारको कार्यक्रममा सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकहरु नारायणदत्त पौडेल, चन्द्रप्रकाश गौतम र वंशीराज दाहाललगायत सशस्त्र प्रहरी बल नेपालका वरिष्ठ अधिकृत तथा अधिकृतहरुको उपस्थिति रहेको थियो । आइतबार सशस्त्र प्रहरी महानिरीक्षक अर्यालले सशस्त्र प्रहरी उपरीक्षकमा बढुवा भएका अधिकृतहरुलाई दर्ज्यानी चिह्न प्रदान गरेका थिए ।

नेपाल सरकार गृह मन्त्रालय (सचिवस्तर)को भदौ १२ गतेको निर्णयले ५६ जना सशस्त्र प्रहरी नायब उपरीक्षकहरु सशस्त्र प्रहरी उपरीक्षकमा बढुवा भएका हुन् ।

# बलात्कारको आरोपमा कार्यालय प्रमुख पक्राउ

**चितवन/मस-** बलात्कार आरोपमा तथ्यांक कार्यालय चितवनका प्रमुख यज्ञमूर्ति भण्डारी पक्राउ परेका छन् । तीन वर्षयता कार्यालयमा कार्यरत महिलालाई यौनशोषण गरेको अभियोगमा उनलाई पक्राउ गरिएको हो ।

जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख प्रहरी उपरीक्षक रामेश्वर कार्कीका अनुसार ती महिलालाई जबर्जस्ती करणी गरेको अभियोगमा पक्राउ गरिएको हो । पीडितका भाइले किटानी जाहेरी दिएपछि उनलाई पक्राउ गरिएको हो । जिल्ला अदालत चितवनमा सोमबार मिति थप गरी अनुसन्धान अघि बढाइएको छ ।

गत वैशाख १२ देखि नै महिनावारी रोकिएको र चार महिना नाघेको गर्भपतन गराउँदा महिलाको अवस्था गम्भीर भएपछि घटना बाहिर आएको हो । ती महिलाको अहिले भरतपुर अस्पतालको सघन उपचार कक्षमा उपचार भइरहेको छ ।

स्थानीय क्लिनिकमा गर्भपतनका क्रममा अत्यधिक रक्तस्राव भएपछि थप उपचारका लागि भरतपुर अस्पताल लगिएको हो । अस्पतालमा क्लिनिककै चिकित्सकले पुऱ्याएपछि आफन्त नआउँदा सोधखोज गर्ने क्रममा घटनाको वास्तविकता बाहिर आएको हो । नवलपरासीको सुनवल नगरपालिका-१२ निवासी ४४ वर्षीय भण्डारी अधिकृत स्तरका कर्मचारी हुन् ।

# सञ्जालका सबै विषय समाचार होइनन्: अध्यक्ष बस्नेत



**काठमाडौं/मस-**प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले सामाजिक सञ्जालको बढ्दो प्रयोगसँगै सञ्चार माध्यमको प्रस्तुति र भूमिकालाई परिस्कृत गर्न जरुरी भएकाले यसतर्फ ध्यान दिन सञ्चार माध्यमलाई सुझाव दिएका छन् ।

व्यक्तिले प्रयोग गर्ने सञ्जालमा राखिएका सामग्रीले भ्रम छर्दै गएको तर्फ सञ्चार माध्यम सजग बन्दै विश्वसनीय पत्रकारिता गर्नुपर्ने उनको भनाइ छ ।

‘कोही पनि भ्रममा नपरौं । सामाजिक सञ्जालमा पस्किएका सबै विषय समाचार होइनन् । तर, त्यस्ता विषयवस्तुले जनमानसलाई झुक्याइरहेका छन् । सञ्चार माध्यमले आफ्ना तथ्यपूर्ण र विश्वसनीय प्रस्तुतिबाट यस्ता भ्रम हटाउन सक्नुपर्छ’ अध्यक्ष बस्नेतले भने ।

सोमबार नयाँ खुलेका अनलाइन सञ्चार माध्यमका सम्पादक, प्रकाशकलाई काउन्सिलमा दिइएको अभिमुखीकरणका क्रममा उनले आधारहीन विषयवस्तु र हुबहु चोरी गरी समाचार बनाउने कतिपय अनलाइनले पत्रकारिता जगतमै हिलो छ्यापेकाले तिनलाई काउन्सिलले कारबाही गर्दै आएको बताए ।

अभिमुखीकरणका सहभागीलाई पत्रकार आचारसंहिता र सञ्चार निर्देशिकाहरुमा केन्द्रित रही प्रस्तुती राखिएको थियो । डिजिटल मिडियाले ल्याएको चुनौती र सञ्चार माध्यमले ध्यान पुऱ्याउनुपर्ने विषयबारे काउन्सिलका पूर्व कार्यवाहक अध्यक्ष गोपाल बुढाथोकी र नेपाल टेलिभिजनका समाचार प्रमुख पुष्पहरि क्याम्पा राईले प्रकाश पारेका थिए । कार्यक्रममा विभिन्न ३२ सञ्चार माध्यमका सञ्चालक/सम्पादकको सहभागिता थियो ।


## बराहक्षेत्र नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**चक्रघट्टी, सुनसरी**
**कोशी प्रदेश, नेपाल**

### निर्माण सम्बन्धी बोलपत्र आव्हानको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८०/०५/१९ गते**

यस कार्यालयको स्वीकृत कार्यक्रमअनुसार २०८०/०८१ का विभिन्न निर्माण कार्यहरु बोलपत्रको माध्यमबाट गर्नुपर्ने भएको हुदाँ इच्छुक योग्यता पुगेका फर्म वा कम्पनीहरुबाट रित पुर्वकको बोलपत्र आव्हान गरिन्छ । विस्तृत सूचना तथा शर्तहरु PPMO को वेबसाईट bolpatra.gov.np/egp मा वा कार्यालयको वेबसाईट www.barahamun.gov.np मा गएर हेर्न सकिनेछ ।

| क्र.सं. | विवरण | लागत अनुमान (भ्याट बाहेक) | ठेक्का नं. | जमानत रकम | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|
| १ | सडक कालोपत्रे गर्ने कार्य, बराहक्षेत्र ३, नडाहा टेकाने पार्क हुदैं बैठार जाने सडक चेनेज : ०+०० देखि १+२०५ सम्म | १,७२,५६,९६६।७७ | BKM/NCB/02/2080/081 | ४,८८,०००।०० | ३,०००।०० |
| २ | नगरपालिकाको भवनमा तला थप गर्ने कार्य, बराहक्षेत्र ६ | ४३,८३,०१९।३३ | BKM/NCB/03/2080/081 | १,२४,०००।०० | ३,०००।०० |
| ३ | सडक कालोपत्रे गर्ने कार्य, बराहक्षेत्र ८ र ९ सिकारीथान देखि राजाबास जाने सडक चेनेज : ०+०० देखि ०+२८० सम्म र बराहक्षेत्र ९ छब्बिस पाईप देखि चन्द्रेश्वर चौक जाने सडक चेनेज : ०+०० देखि ०+२८० सम्म | ७०,१९,५९४।४१ | BKM/NCB/04/2080/081 | १,९९,०००।०० | ३,०००।०० |
| ४ | सडक कालोपत्रे गर्ने कार्य, बराहक्षेत्र ४, तल्लो जमटोकी देखि नहर जाने सडक चेनेज : ०+०० देखि ०+२८५ सम्म | ३३,४९,४५४।२५ | BKM/NCB/05/2080/081 | ९५,०००।०० | ३,०००।०० |

**प्रमुख प्रशासकीय अधिकृत**



## नियू स्कूटर (NIU Scooter) को अधिकतम बिकी मूल्य MRP सम्बन्धि सूचना

यस प्रा.लि. Niu International Co.Ltd बाट पैठारी गरेका न्यू स्कूटरहरुको अधिकतम खूद्रा बिक्री मूल्य निम्न बमोजिम भएको ब्होरा सर्बसाधारणको जानकारीको लागि प्रकासन गरिएको छ।

| सि.न. | मालबस्तूको बिवरण | ब्रान्ड | मोडल | क्षमता( Rated Power) | उत्पतिको मूलूक | ईकाई | अधिकतम खूद्रा बिक्री मूल्य MRP |
|---|---|---|---|---|---|---|---|
| १ | Electric Scooter | NIU | NQIGTS | ३१०० वाट | China | प्रति पिस | ४,९५,०००।०० |
| २ | Electric Scooter | NIU | Mqi+ Sports | १२०० वाट | China | प्रति पिस | २,७६,०००।०० |
| ३ | Electric Scooter | NIU | F600 | ४२०० वाट | China | प्रति पिस | ३,००,०००।०० |

बिक्रेता फर्मको नाम: इको इन्फिनिटी प्रा.लि.
ठेगाना: गुसि□गाल २ ललितपुर

स्थाइ लेखा नं. ६०४२८६३१०
फोन नं. ०१४२५६०६२



## सुखीपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**सुखीपुर, सिरहा**
**मधेश प्रदेश, नेपाल**

### प्राविधिक प्रस्ताव स्वीकृत तथा आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**प्रकाशित मिति :- २०८०/०५/१९**

यस कार्यालयबाट मिति २०८०/०२/१२ गतेको राजधानी राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित तपशिलमा उल्लेखित निर्माण कार्यको लागि गरिएको बोलपत्र आह्वान सम्बन्धी सूचना बमोजिम E–GP मार्फत रितपूर्वक दर्ता हुन आएका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव मूल्यांकन गर्दा देहाय बमोजिमको बोलपत्रदाताहरुले पेश गरेको बोलपत्र प्राविधिक प्रस्तावमा योग्य देखिएकाले सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन सहित) को नियम ३१ (ङ) को उपनियम (५) बमोजिम देहायमा उल्लेख भएको मिति, समय र स्थानमा आर्थिक प्रस्ताव खोलिने भएकोले सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**देहाय**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | प्राविधिक मूल्यांकनमा छनौट भएका बोलपत्रदाताहरुको नाम |
|---|---|---|---|
| 1 | SM/W/20/2079/80 | Construction of Saraswati Multiple Campus Building sukhipur Municiplaty - 1, Mohanpur, Siraha | 1. M/S Sunlight / D Laligurash/ Dev JV Dhangadhimai - 5, Siraha<br>2. KALIKA-ISHANI JV<br>3. Sahayogi- Samarat- Raj JV, Janakpur -13, Dhanusha |

**आर्थिक प्रस्ताव खोल्ने मिति २०८०/०५/२६ गते दिनको २:०० बजे, स्थान सुखीपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सुखीपुर, सिरहा, नेपाल**

**प्रमुख प्रशासकीय अधिकृत**





मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

१९ भदौ २०८०, मंगलबार
5 September 2023, Tuesday

## सम्पादकीय

### सम्हालिनुपर्ने अभिव्यक्ति

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले ललिता निवास जग्गा हिनामिना प्रकरणको छानबीन निष्कर्षमा पुग्न बाँकी रहँदै पूर्वप्रधानमन्त्री माधवकुमार नेपालबारे दिएको अभिव्यक्तिप्रति टिप्पणी योग्य रह्यो । केही दिन अगाडि समाजवादी मोर्चा, नेपालको कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले माधव नेपाल निर्दोष सावित भइसकेको सार्वजनिक अभिव्यक्ति दिएका थिए । जबकी उक्त प्रकरणमाथि छानबीन अझै टुंगिएको छैन । तर सत्ताको नियतिमाथि प्रतिपक्षी दलहरूले गर्दै आएको आशंकालाई बल पुग्नेगरी प्रधानमन्त्री प्रचण्डले अभिव्यक्ति दिएका छन् । प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले त सरकारले अगाडि बढाएको छानबीनहरू निष्पक्ष नरहेको निष्कर्षसहित एक महिना लामो संसद् अवरोध नै गरेको थियो । विशेषगरी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको भन्सार पार गरिसकेको अवस्थामा बरामद भएको सुन प्रकरणको छानबीनमा प्रश्न उठाउँदै एमालेले संसद् अवरोध गरेको थियो ।

पछि छानबीन समिति गठन गर्ने राजनीतिक सहमति गरी संसद् खुल्यो । यो प्रकरणसहित ललिता निवास जग्गा प्रकरण र नक्कली भुटानी शरणार्थी प्रकरणको छानबीनमा एमालेले आशंका गर्दै आएको थियो । सत्तारूढ नेताहरूलाई बचाउनेगरी छानबीन हुने गरेको एमालेका नेताहरूले सार्वजनिक अभिव्यक्ति दिइरहेका छन् । त्यस्तै बेला प्रधानमन्त्री प्रचण्डले आफ्ना सत्ता साझेदार दल नेकपा एकीकृत समाजवादीका अध्यक्ष रहेका नेपाललाई निर्दोष रहेको सार्वजनिक अभिव्यक्ति दिए । एउटा प्रधानमन्त्रीले यसरी अभिव्यक्ति दिनु पक्कै पनि उचित होइन । अझ प्रधानमन्त्री प्रचण्डले यस्ता गल्ती बारम्बार दोहोऱ्याउँदै आएका छन् । कतिसम्म भने सार्वजनिक मञ्चबाटै सशस्त्र विद्रोहकालमा मारिएका पाँच हजार नागरिकको जिम्मा लिने अभिव्यक्ति दिएपछि सर्वोच्च अदालतमा मुद्दा खेपिरहेका छन् ।

भर्खरै मात्रै प्रधानमन्त्री प्रचण्डले सार्वजनिक अभिव्यक्तिकै कारण संसदको रोष्ट्रममा उभिएर माफी माग्नु परेको थियो । राजधानी उपत्यकामा आयोजित एक पुस्तक विमोचन कार्यक्रममा प्रधानमन्त्री प्रचण्डले ब्यापारी प्रितम सिंहले आफूलाई प्रधानमन्त्री बनाउन धेरैपटक भारतीय नेताहरूसँग कुरा गरेका सार्वजनिक अभिव्यक्ति दिएका थिए । त्यस्तो अभिव्यक्तिप्रति विपक्षी दलहरूको आपत्तिपछि प्रधानमन्त्री प्रचण्डले माफी मागेका थिए । तर प्रधानमन्त्री प्रचण्डले कतिपय गल्तीहरू माफी मागेर मात्रै नपुग्ने बुझ्न सकेका छैनन् । अझ मुलुकको कार्यकारी प्रमुखले दिने अभिव्यक्तिको अर्थ नबुझ्नुको मूल्य सिंगो मुलुकले खेप्नु पर्ने बुझ्नुपर्ने हुन्छ । अतः प्रधानमन्त्री प्रचण्डले सार्वजनिक अभिव्यक्तिमा सम्हालिन आवश्यक छ ।

# भारत–चीन द्वन्द्वको चेपुवामा नेपाल

*भारत र चीनबीचको द्वन्द्व र प्रतिस्पर्धा निकै अस्वस्थ हुँदै गएको छ, जसको परिणाम नेपालमा एकपछि अर्को समस्या देखिन थालेका छन् । राजनीतिसँगै विकास निर्माणका गतिविधिमा पनि अवरोधहरू सिर्जना भएका छन् ।*


अग्रलेख



● निष्णु थिङ

नेपाली उखान छ, 'साँढेको जुधाइ बाछाको मिचाइ' । भारत र चीनको विवाद र द्वन्द्व बढ्दो छ । भारत-चीनको मूलतः सीमा विवादबाट उत्पन्न भएको मनमुटाव सन् १९६२ मा आपसी युद्धमै परिणत भयो । असंलग्न आन्दोलनका संस्थापक सारथी र पञ्चशीलको आधारमा आफ्नो विदेश नीति सञ्चालन गर्ने दाबी गरेपनि चीन र भारतबीच सीमा विवादमा युद्ध नै भयो । असंलग्न आन्दोलनको शिथिलता यसरी संस्थापक राष्ट्रहरुका बिचमा उत्पन्न भएका विवादका कारणहरु नै हुन् । त्यही आन्दोलनमा नेपाल पनि सरिक भएको थियो । नेपालले शीतयुद्धका अवधिमा असंलग्नता र पञ्चशीलको सिद्धान्तलाई नै आफ्नो विदेश नीतिको प्रमुख हिस्सा बनाएको थियो ।

भारत र चीनको द्वन्द्वले नेपाललाई प्रत्यक्ष नकारात्मक असर पुऱ्याउँदै आएको छ । सन् १९६२ को युद्धको बेला नेपाल तटस्थ नै रहेपनि भारतले गोर्खा रेजिमेन्टका नेपाली युवाहरुलाई युद्ध मोर्चाको अघिल्लो पंक्तिमा उतारेको थियो । युद्धमा प्रत्यक्ष संलग्न भएका प्यूठानका निसेल बुढामगर, साइनोमा पंक्तिकारका हजुरबा पर्नेहरुले आफ्ना संस्मरण सुनाएका थिए । चीनसित नेपालको कुनै वैमनस्यता नभएपनि भारतले त्यसरी नेपाली जवानहरुलाई उतार्नुलाई कदापि राम्रो मानिदैन । सोही विषय भारत-पाकिस्तान युद्धमा पनि हुँदै आएको छ । यस्तो ऐतिहासिक पृष्ठभूमिमा भारत र चीन द्वन्द्वको चेपुवामा नेपाल पिसिँदै आएको छ ।



कोरोना महामारीपश्चात् चीनले मानसरोवर र कैलाश यात्रामा रोक लगाउँदै आएकोमा यसपालिदेखि खोल्ने निधो गरेको छ । तर, भारतीय तीर्थ यात्रीहरुका लागि भने निषेध गरिएको छ । भारतले चिनियाँ पर्यटकहरुलाई भारतमा गरेको प्रतिबन्धको बदलामा त्यसो गरिएको सुनिन्छ । भारतीय तीर्थ यात्रीहरु नेपालबाट कैलाश मानसरोवर दर्शन गर्न जाँदै गरेको परिप्रेक्ष्यमा चीनको यस्तो निर्णयले नेपालका पर्यटन व्यवसायीहरु मारमा परेका छन् । कैलाश मानसरोवर जाने सिलसिलामा भारतीय तीर्थ यात्रीहरु नेपालमा कम्तिमा चार/पाँच दिन बस्ने गर्छन् र नेपाली ट्राभल कम्पनीहरुमार्फत जाने भएकाले गर्दा उनीहरुले पनि कमाउने मौका पाएकामा त्यो बन्द भएको छ । कोदारीमा कैलाश होटलमा कुनै बेला दैनिक हजार जनालाई खाना र बास व्यवस्था गर्ने होटल हामी पुग्दा सुनसान थिए । धेरै होटल र ट्राभल एजेन्सीहरु बन्द भएका छन् र त्यहाँबाट विस्थापित समेत भइसके ।

